"सहकारी संघ/संस्थाहरुको प्रवर्द्धन, विकास एवम् बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

Sahakarita Half-Yearly (अर्ध-वार्षिक)

वर्ष २, अङ्क ३ July 2013-January 2014 साउन-पुस २०७०

# राष्ट्रिय सहकारी बैंक लिमिटेड एघारौं वर्षमा

## सरकारी र निजी क्षेत्र भन्दा सहकारी बलियो हुनुपर्छ : उपराष्ट्रपति झा




*राष्ट्रिय सहकारी बैंकको ११ औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उपराष्ट्रपति परमानन्द झा ।*

काठमाडौं, उपराष्ट्रपति परमानन्द झाले मुलुकको अर्थतन्त्र बलियो बनाउनका लागि तीनखम्बामध्ये सहकारी क्षेत्रलाई बलियो बनाउन आवश्यक रहेको बताउनु भएको छ । राष्ट्रिय सहकारी बैंक लिमिटेडको एघारौं स्थापना दिवसका अवसरमा ०७० असार २५ गते काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

सरकारद्वारा नियन्त्रित अर्थतन्त्र, निजी क्षेत्रको सहभागिता रहेको अर्थतन्त्रबाट मुलुकको आर्थिक सामाजिक परिवर्तन खासै नभएको भन्दै उहाँले दुवै क्षेत्रलाई सक्षम बनाउन पनि सहकारी क्षेत्र बलियो हुनुपर्नेमा जोड दिनुभयो ।

ग्रामीण क्षेत्रमा बस्ने विपन्न, न्यून आय भएका जनताको जीवनस्तर माथि नआउँदासम्म मुलुकको आर्थिक समृद्धि नहुने र आर्थिक समृद्धि बिना सामाजिक र सांस्कृतिक विकास नहुने भएकाले सहकारीको योगदान विपन्नको जीवनस्तर उठाउनतर्फ अग्रसर हुनुपर्ने उहाँको भनाइ थियो ।

सरकारी क्षेत्र र निजी क्षेत्रबाट सुधन नसकेको अर्थतन्त्रलाई सुधारका लागि सहकारी क्षेत्रलाई बलियो बनाउन आवश्यक छ भन्दै उहाँले सहकारीहरू पनि सीमित व्यक्तिको

बांकी १२ पेजमा...............

## ACCU फोरम २०१३ नेपालमा सम्पन्न

एशियाली ऋण महासंघको साधारण सभा (Asian Credit Union Forum 2013) नेपालमा सन् १९९८ पछि सन् २०१३ को सेप्टेम्बर १२ देखि १४ सम्म साकोसका सदस्यहरु पैसाभन्दा महत्वपूर्ण रहेको र साकोसको बढोत्तरी तथा विकासका लागि सदस्यहरुको योगदान अतुलनीय रहने तथ्यको स्वीकार गर्दै काठमाडौंको सोल्टी होटलमा सम्पन्न भएको थियो । एशियाका सदस्य संघ संस्था तथा अष्ट्रेलिया, क्यानाडा, अमेरिका, जर्मनी लगायतका देशबाट सहभागिता रहेको यस फोरमको आतिथ्यता नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. र राष्ट्रिय सहकारी बैंक लि. समेतको सहभागितामा सम्पन्न गरेको थियो ।

कार्यक्रमको प्रमुख अतिथिको रुपमा सम्माननीय मन्त्री परिषद्का अध्यक्ष खिलराज रेग्मी तथा अतिथिहरु सहकारी तथा गरिवी निवारण मन्त्रालयका सचिव लालमणि जोशी,

बांकी १२ पेजमा..............

*राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित*

**सहकारिता**

**सल्लाहकार**
रमेशप्रसाद पोखरेल
के.बी. उप्रेती
कुलचन्द्र अधिकारी

**प्रकाशन समिति**
संयोजक - सरिता भट्टराई
सदस्य - हरिहरनाथ योगी

**सम्पादक**
रामबहादुर जि.सी.

**सहयोगी**
भाषा शर्मा
मुना के.सी.

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लि.
केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुर
फोन : ०१-५०११७८२/फ्याक्स : ०१-५५५५६८७
Email: sahakaritacontact@gmail.com
Email: coopbank@coopbank.com.np
Website: www.coopbank.com.np

**मुद्रण :**
न्यू ओशिका प्रा.लि. काठमाडौं ०१-४०१२५२०, ४३५८१२०

## सम्पादकीय

# स्वाधीन अर्थतन्त्रका लागि सहकारी

नेपालमा सहकारीको शुरुवात भएको ५७ वर्ष पुगी सक्दा पनि यसलाई व्यवस्थित गराउन सकिएको छैन । राज्य सञ्चालकहरुले मुलुकको आर्थिक विकासमा सहकारीको योगदानको सही मूल्यांकन गर्न नसक्दा अझै पनि यो क्षेत्र धर्मराउँदो अवस्थामा छ । २०६२/०६३ को जनक्रान्तिमा सहकारीकर्मीहरु लोकतन्त्र प्राप्तिका लागि सडकमा ओर्लेर राजनीतिक परिवर्तनमा योगदान गरेपछि मात्रै अन्तरिम संविधान २०६३ मा सहकारीलाई अर्थतन्त्रका तीन मध्ये एक आधार स्तम्भका रुपमा उल्लेख गरिएको हो । अन्तर्राष्ट्रिय सहकारी वर्ष सन २०१२ मनाइ रहदा नेपालमा सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन गरेर राज्य सञ्चालकहरु सहकारी क्षेत्रप्रति सकारात्मक रहेको सन्देश दिएका छन् । सहकारी मन्त्रालय गठन भएपनि यसलाई व्यवस्थित गराउन अझै धेरै समय लाग्ने देखिन्छ । बजेट विनियोजन, सहकारी क्षेत्रको अनुगमन निरीक्षण जस्ता विषयमा मन्त्रालयलाई सक्षम बनाउन सरोकारवालाहरुको ध्यान पुग्नुपर्छ ।

कृषि, पशुपालन, पर्यटन, वन, जडिबुटी, जलस्रोत जस्ता क्षेत्रको विकास गर्न सके मात्रै नेपालको विकास हुन्छ । आजको मुलुक रेमिट्यान्सले धानिएको छ । विदेश गएकाहरुले ल्याउने रकमबाट मुलुक सञ्चालन हुनु भनेको अस्थिर अवस्था हो । विदेश गएकाहरु सबै एकसाथ स्वदेश फर्कने हो भने मुलुकको दुरावस्था हुने स्थिति छ । त्यस कारण पनि स्थानीय स्रोत र साधनको अधिकतम उपयोगतर्फ ध्यान पुग्न जरुरी छ । स्थानीय स्रोतको परिचालनका लागि सहकारी, निजी र सरकारी क्षेत्रबीच समन्वय हुनुपर्छ । त्यसमा पनि कृषि, पशुपालन, जुडीबुटी उत्पादन र प्रशोधन तथा लघु जलविद्युत आयोजना, साना उद्योग सञ्चालनमा सहकारी क्षेत्रलाई प्राथमिकता दिनु पर्छ । स्थानीय स्रोत र साधनलाई अधिकतम उपयोग गर्नका लागि सहकारी क्षेत्रलाई बलियो बनाउनु पर्छ । राज्यले विपन्नहरुका लागि गर्ने लगानी सहकारी मार्फत गर्नका लागि सहकारी बैंकलाई माध्यम बनाउनु पर्छ । स्वाधीन अर्थतन्त्रका लागि जनतालाई आयआर्जन गर्ने वातावरण बनाउनुपर्छ र त्यसको मुख्य माध्यम सहकारी नै हुन्छ ।

## सहकारीलाई अर्थतन्त्रको मुख्य खम्बा बनाइनुपर्छ


**रमेशप्रसाद पोखरेल**
अध्यक्ष

नेपालको अन्तरिम संविधान २०६३ मा मुलुकको अर्थतन्त्रका तीनमध्ये सहकारीलाई एक खम्वाको रुपमा लिइयो, यसले सहकारी अभियानलाई प्रभावकारी बनाउन सहयोग पुऱ्यायो, त्यसैको फलस्वरुप मुलुकमा सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन भयो। आज हरेक मानिस सहकारी अभियानमा कुनै न कुनै रुपमा जोडिएको छ। सहकारी अभियान यसरी अगाडि बढ्नुका पछाडि देशभरका सहकारीकर्मीहरुको यो क्षेत्रप्रतिको लगाव नै हो। राज्य, गैर राज्य र आम जनताको आकर्षण सहकारी क्षेत्र बन्दै गएपनि अझै सहकारी अभियानका बारेमा टिका टिप्पणी हुने, सहकारी अभियानका छिटफूट गलत कुराहरु सार्वजनिक हुने जस्ता कारणले सहकारी खराव त होइन भन्नेहरु पनि छन् तर सहकारी अभियानले यस्ता खाले प्रवृतिहरुलाई चिर्दै आम जनताका बीचमा सहकारी अभियानलाई आर्थिक विकासको महत्वपूर्ण पाटो हो भन्ने प्रमाणित गर्दै गएका छन्। बोलीमा मात्रै होइन, व्यवहारमै सहकारी अभियानले जनताको आयआर्जनमा वृद्धि, रहन सहनमा परिवर्तन, परनिर्भरतावाट विस्तारै आत्मनिर्भर बनाउदै लगेको अवस्था छ। ग्रामिण क्षेत्रमा बस्ने विपन्न समुदायको आयआर्जनमा सहकारीले पुऱ्याएको योगदान अवश्य नै महत्वपूर्ण छ। यसले के पुष्टि गर्दछ भने सहकारी अभियान यो मुलुकको आर्थिक परिवर्तनको महत्वपूर्ण पाटो हो।

हाम्रो देशका युवा विदेश जाने, विप्रेषणले मुलुकको अर्थतन्त्र चल्ने तर यो देशमा भएका स्रोत र साधनहरु त्यसै खेर जाने अवस्थाको अन्त्यका लागि अव सहकारी क्षेत्रले ध्यान दिन जरुरी छ। सहकारी अभियानलाई अव उत्पादन, प्रशोधन र बजारीकरणतर्फ केन्द्रित गर्न जरुरी छ। यो देशको कृषि क्षेत्रमा आमुल परिवर्तन गर्न, जलस्रोतको अधिकतम उपयोग गर्न, पशुपालन, जुडिबुटी खेतीसँगै पर्यटनको विकासमा समेत सहकारी क्षेत्रको उचित ध्यान जान जरुरी छ। यहाँको स्रोत साधनलाई सदुपयोग गर्न सकियो भने मात्रै यो मुलुकको अर्थतन्त्र बलियो हुन्छ, मुलुक स्वाधीन बन्छ। अर्थतन्त्रले राष्ट्रियतालाई समेत प्रभाव पार्ने भएकाले मुलुकको अर्थतन्त्र बलियो बनाउन आवश्यक छ र त्यसका लागि सहकारी अभियान सबैभन्दा बलियो र भरपर्दो माध्यम हो। यसर्थ सहकारी अभियानका माध्यमबाट मुलुकको आर्थिक अवस्था सुधार गर्नका लागि राज्य, सहकारी अभियानमा संलग्नहरु लगायत आम सरोकारवालाहरुको ध्यान जान जरुरी छ। मुलुकको आर्थिक परिवर्तनका लागि सहकारीलाई अर्थतन्त्रको मुख्य खम्वा बनाउन जरुरी छ।

## राष्ट्रिय सहकारी बैंकको दश वर्ष र सहकारी अभियान


**के.बी. उप्रेती**
प्रबन्ध सञ्चालक

नेपालको सहकारी ऐन २०४८ को अधिनमा रही स्थापना भएको राष्ट्रिय सहकारी बैंक लिमिटेडले आफ्नो स्थापनाको एघारौ बसन्त टेकिसकेको छ र संगै १०औं वार्षिक साधारणसभाको तयारी पनि भैरहेको छ । यो १०वर्षमा बैंकले आर्थिक कारोबार, देशव्यापी सञ्जाल विस्तार र मुलुकको सहकारी अभियानलाई बलियो बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । त्यस कारण ७० भन्दा बढी जिल्लामा सदस्य विस्तार, ३० भन्दा बढी शाखा, झण्डै ७ हजार सदस्य बनाउनुका साथै आधा करोड भन्दा बढी शेयर रकम, ६ अर्बको कारोबार गर्न सफल हुनु यसको राम्रो पक्ष हो । मुलुकको अर्थतन्त्रको मुख्य पाटो सहकारी बनाउन, सहकारी अभियानमा आउने विभिन्न समस्या समाधानका लागि सहकारी अभियानका अन्य निकायसंग समन्वय गरी अगाडि बढ्न राष्ट्रिय सहकारी बैंकको भूमिका महत्वपूर्ण रहेको छ । सदस्य संस्थालाई वित्तिय सेवा सुविधा दिने बैंकको मुख्य कार्यका अलावा धर्मराउँदो अवस्थामा रहेको सहकारी अभियानलाई सही दिशा निर्देश गर्न सहकारी बैंकले महत्वपूर्ण योगदान गरेको कुरा कसैको सामु लुकेको छैन ।

विश्वव्यापी रुपमा सहकारी अभियानमा पहुँच पुऱ्याउने उद्देश्यले राष्ट्रिय सहकारी बैंकले अर्न्तराष्ट्रिय सहकारी महासंघ, एशियाली ऋण महासंघ र नेडाकको सदस्यता पनि प्राप्त गरिसकेको छ । राष्ट्रिय बजेटवाट सहकारी क्षेत्रमा प्राप्त हुन सबै प्रकारको बजेट सहकारी बैंकमार्फत परिचालन गर्ने व्यवस्था मिलाउन सम्वन्धित निकायहरुमा पहल गरिरहेको र केही बजेट ल्याउन सफल भएको छ । सरकारले विपन्न वर्गलाई लक्षित गरेर संचालन गर्ने ग्रामीण स्वावलम्वन, बैदेशिक रोजगार, गरिबी निवारण एवं लघुवित्त जस्ता सरकारी कोष सहकारीमार्फत परिचालन गर्ने र सहकारीहरुमा यस बैंकमार्फत नै परिचालन गर्ने पहल भैरहेको छ यस विषयमा सबै सहकारीकर्मीहरुबीच समन्वय, सहकार्य र सहयोग आवश्यक छ ।

सहकारी अभियानलाई थप उचाईमा पुऱ्याउन वित्तिय व्यवस्थापन प्रभावकारी हुने आवश्यक छ। बैंकले आफुलाई व्यवस्थापन गर्दै मुलुकभरका सहकारी संघसंस्थामा आउने समस्यामा समेत सक्दो सहयोग गरेर अगाडि बढिरहेको छ । सहकारीलाई वित्तिय रुपमा व्यवस्थित गर्न, राज्यबाट सहकारी क्षेत्रमा जाने कोषहरुलाई सहकारी बैंक मार्फत परिचालन गर्न, सरकारले विपन्न वर्गका लागि लक्षित गरेर सञ्चालन गर्ने रकम यस बैंक मार्फत सञ्चालन गर्न सकेमा मुलुकको आर्थिक विकासमा योगदान पुग्ने सक्ने कुरालाई मनन गरी यसतर्फ लाग्नका लागि सरकारलाई दवाव दिन आवश्यक छ ।

# Cooperative Bank- Global Financial Player



**Bijaya Raj Ghimire**
*Vice-chairman*
*National Cooperative Federation of Nepal*

A cooperative bank is a financial entity which belongs to its members, who are at the same time the owners and the customers of the bank.

**History of Cooperative Bank**

Cooperative banks form decentralised network that are subject to both banking and cooperative legislation. They play an important role in the global banking industry. They serve 180 million customers mainly households, SMEs and local communities and have a market share of about 20% in Europe. In some European Countries, like France, Austria, the Netherlands, Germany, Finland or Italy the market share ranges between 20% and 60%. Cooperative banks employ 756,000 people and have more than 50 million members across Europe. Further more, 1 in 3 small and medium Enterprises is served by a cooperative bank.

These figures demonstrate the power of cooperative banking and the contemporary form of its business, which brings prosperity in both industrialised and developing countries. For cooperative banks historically created to improve access to finance for their cooperative members, who would have otherwise had limited access to financial services based on reasonable conditions, this remains a key objective.

Indeed the history of many cooperative banks can be traced back to the financial exclusion faced by many communities in the 19th centaury. Most cooperative banks were established following the ideas of Schulze-Delitzsh and Raiffeisen to offer opportunities to rural communities and small businesses that would have otherwise remained unserved. In economic terms cooperative banks were established to address market failures; the members were owning and financing the institutions, taking part in decision making. The community monitoring and relationship offered the necessary incentives to ensure timely repayments of loans and allowed cooperative banks to flourish and become the banks of today.

In short the cooperative banking model was innovative answer to unequal access to financial services and the principle of mutualisation was a means to emancipating people from economic, social and even political dependency through self-reliance and solidarity. While evolution of the structures and national legislative frameworks and traditions have differed in the different EU countries, this basic set of values and characteristics still holds true.

As cooperative banks network are established at local level, they are fully integrated in their immediate environment. This feature of proximity means that the credits collected are reinvested at the local and regional level and as a result the cooperative banks play a key role in development of areas in which they are based.

In other words the decisions in cooperative banks are taken at local level ad granted to local projects from the member owners. This reflects the primary banks awareness of their social and economic responsibility in their respective local communities and it is in line with the cooperative principle: from the local community and for the local community. In this respect cooperative banks have continuously prompted entrepreneurship through fostering self-help; responsibility, cooperation and solidarity while emphasising the common goal of the communities they belong to.

At present, cooperative financial institutions have steadily expanded beyond their home markets. Some of the financial cooperatives of G-20 nations have grown into global players among the very first banks in the world.

Among the top 50 ranking banks, "Credit Argicole ranks 7th largest global bank, followed by a series of banks ranking from the 20s to the 40s. Name of the some of the big banks are: Rabobank, Caisse d' Epargne, Banque Populaire, Credit Mutual etc.

Cooperative banks are deeply rooted inside local areas and community. They are involved in the local development and for this reason, they contribute to the sustainable development of their communities, as their members and management aboard usually belong to

the communities in which they exercise their activities. The cooperative bank in the world share the following common features

1. Members of a cooperative bank are both customers and owners. So, they gave to fulfil the needs of both. The first aim of a cooperative bank is not to maximise profit but to provide best possible services and products to its members. Some of the cooperative bank only operate with membership but most of them also admit non-member clients to benefit from their banking and financial services. For this reason, cooperative bank is called customer's owned entities.

2. Cooperative banks are owned and controlled by their members, who democratically elect board of directors. According to the cooperative principles, members have equal voting rights- one person, one vote, which is called democratic member control.

3. In cooperative banks, a significant part of the yearly profit, surplus or benefit is allocated to constitute reserves. A part of the profit can also be distributed to members as a patronage dividend, or through an interest or dividend. In this way the profit is allocated.

**Difference between credit unions and cooperative Banks**

Credit unions have the purpose of promotion thrift, providing credit at reasonable rates, and providing other financial services to its members. They are typically the smaller form of cooperative banking institution.

Larger institutions are often called cooperative banks. Like credit unions, cooperative banks are owned by their customers and follow the cooperative principle of one man, one vote. Unlike credit unions, however, cooperative banks are a often regulated under both banking and cooperative legislation. They provide services such as savings and loans to non-members as well as to members.

**Difference between Commercial Banks and Cooperative Banks**

Cooperative Banks differ from stakeholder banks by their organizations, their goals, their values and their governance. In most countries, they are supervised and controlled by banking authorities and have to respect prudential banking regulation which put them at a level playing field with stakeholder banks. But in the organised sector of the money market, cooperative banks and commercial banks are parallel financial institutions. Both render almost identical banking functions of deposit mobilization, provision of remittance facilities and advancing of loans. Never the less, both institutions are distinct in nature, scope and operations.

We may distinguish between cooperative banks and commercial banks on the following counts:

1) Commercial banks are joint-stock banks, cooperative banks are cooperative organizations.

2) Commercial banks are governed by the Banking Regulation Act. Cooperative banks are governed by the Cooperative Societies Act.

3) Cooperative Banks have lesser scope in offering a variety of banking services than commercial banks.

4) Commercial banks are on a larger scale and adopt the system of branching, so they have country wise operations. Cooperative bank is relatively on a much smaller scale, though cooperative bank with a number of branches but its coverage is not countrywide.

5) Cooperative bank is private sector bank but commercial banks are private sector and public sector banks.

6) Cooperative bank offer a slightly higher rate of interest to their depositors than commercial banks.

7) In cooperative bank, member share holders have influence on the lending policy of the bank, on account of their voting power. Borrowers of commercial banks are only account holder and have no voting powers as such, so they cannot have any influence on the lending policy.

8) Cooperative bank has not much scope of flexibility on account of the rigidities of the by-laws. On the other hand, commercial banks are free from such rigidities.

9) Commercial banks are subject to the control of the Reserve Bank. Cooperative bank is subject to the rules said down by department of cooperatives.

Cooperatives work with in a long-term time frame. They inherit and hand over an intergenerational endowment which grows over time, that of cooperative members initial and ongoing contributions. Researcher has shown that cooperatives are efficient and present good financial analysts and investors. Cooperative banks do benefit from their long-term perspective in their investment strategies. They do not have to follow short-term roadmaps. Also, cooperative have strong governance principles with a "one man, one vote" member control over the decision-making process. They democratic principle lowers the risks for a long-term yield stratey.

Cooperative finance's long-term perspectives are nourished with "real-world" experience. Cooperative banks are strong local players, working within communities, with local business of all scales and local entrepreneurs. Cooperative financial institutions are strongly committed to

their territories and will play a major role in financing the economies through the crisis. The long-term strategy and intimate link with consumers gives them a major role in fostering recovery. More than this, cooperatives work primarily for members and clients, not for their own purposes. Due to their decentralized organizational model they contribute to reduce risk and better spread out risk. Due to these reasons, it is proved that cooperative banks contribute to global financial stability while investing in the local and global economy to credit and maintain jobs. Therefore, cooperative banks are economically sound and yet sufficiently daring and have proved to be the global financial players.

**International Cooperative Banking Association (ICBA)**

With the mission to contribute to the sound development, growth and competitiveness of cooperative banks by promoting worldwide their important contribution to the economic and social well-being of the population and their communities, ICBA, the sectoral organization of ICA was founded in 1895.

**Objectives of ICBA**

"To facilitate the promotion at the international and regional levels of the distinctive cooperative values of cooperative banks and of the advantages to using them over other banks.

"To facilitate and encourage the exchange of information amongst members on key cooperative banking issues and foster inter-cooperation in the finding solutions.

"To support regional committees and their members individually or collectively with specific challenges.

"To encourage inter-cooperation with other types of cooperative and various bodies of the ICA.

**Cooperative Banking in Nepal**

The cooperative movement in Nepal was started in the year 1956. But, since 1992, the cooperative in Nepal made remarkable progress in various segments of Nepalese economy. The cooperative movement has entered several sector like credit, dairy, agriculture, banking, production, processing, transport, sugarcane, health etc.

Today cooperatives can claim to have the largest network numbering more than 27 thousand with membership of more than 4 million. As of today, credit cooperatives are most numberous of all the types of cooperatives in Nepal. These cooperatives constitute for about 15 percent of the aggregated banking business and therefore regarded as an important segment of the banking system.

In accordance to the provision made in Article 26 Sub-Sections (4) and (6) of cooperative. At, 1992 (2048), National Cooperative Bank Limited (NCBL) was established in 2003, as the only one bank in the cooperative movement of Nepal.

NCBL is established to meet the financial needs and launch different promotional activities to support its member cooperatives. At present, the bank with more than 6000 members cooperatives situated at 71 districts has extended its network at 34 different places nationwide to provide better service to its member cooperatives.

NCBL is increasing its business activities and likewise, the volume of business also has been increased. Now the bank has been equipped with modern technology to render qualitative and prompt services. From the very first year, it started its function, the bank has been able to generate the surplus, by which, it is giving dividend to its member cooperatives.


NCBL has not only extended its financial activities, beside that it has also established its relationship with international agencies. Which will help to introduce itself in the international forum and also help to improve its activities, exchange the ideas. At present the NCBL has become the member of the International Cooperative Alliance (ICA) the global apex level organization of the cooperative movement. Also, it has acquired the membership of Network for the Development of Agricultural Cooperatives in Asia and pacific (NEDAC) and CICTAB.

The National Cooperative Bank is always quite aware that the successes of the bank rely on democratic governance, member's participation, proximity and satisfaction of its members. So, bank is always one step ahead to provide the best possible products ad services to its members.

विजयादशमी तथा शुभ दीपावली-२०७० को पावन अवसरमा सम्पूर्ण सदस्य, कर्मचारी तथा शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



राष्ट्रिय
सहकारी बैंक लि.
परिवार



# लेखा परीक्षण नभएको बितिय विवरण (अपरिष्कृत)

**चौथो त्रैमास आ.ब. २०६९/०७० (मिति २०७०/३/३१)** रकम रु हजारमा

| क्र.स | विवरण | यस त्रैमासमा | गत त्रैमासमा | गत बर्षको यस त्रैमासमा |
|---|---|---|---|---|
| १ | **कुल पुंजी तथा दायित्व (१.१ देखि १.७)** | ६,१२७,७७३ | ४,५११,४२९ | ३,८८१,४७६ |
| 1.1 | शेयर पुंजी | ५०७,५१० | ३६२,४८२ | २६६,२३५ |
| 1.2 | जगेडा तथा कोषहरु | १४४,३०७ | ५०,९७० | ४२,९३२ |
| 1.3 | ऋणपत्र तथा बण्ड | | | - |
| 1.4 | तिर्न बाँकी कर्जा सापट | ४०१,९५८ | ३७३,३१७ | १३१,१४३ |
| 1.5 | **निक्षेप दायित्व** | ४,९९४,०७७ | ३,५४१,१२४ | ३,३९५,६९३ |
| | क. स्वदेशी मुद्रा | ४,९९४,०७७ | ३,५४१,१२४ | ३,३९५,६९३ |
| | ख.बिदेशी मुद्रा | | | |
| 1.6 | आयकर दायित्व | - | | ४३ |
| 1.7 | अन्य दायित्व | ७९,९२१ | १८३,५३६ | ४५,४२९ |
| 2 | **कुल सम्पती (२.१ देखि २.७)** | ६,१२७,७७३ | ४,५११,४२९ | ३,८८१,४७६ |
| 2.1 | नगद तथा बैंक मौज्दात | २,११८,७६१ | १,०९१,७१० | १,७४४,६२४ |
| 2.2 | माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | | |
| 2.3 | लगानी | ७२९,६०५ | ५२२,६०८ | ४३०,०७० |
| 2.4 | कर्जा सापट तथा बिल खरिद | ३,२१६,१६६ | २,७९५,१८० | १,६७०,७७६ |
| 2.5 | स्थिर सम्पती | २५,८५९ | २५,५०५ | १८,२७८ |
| 2.6 | गैर बैकिङ्ग सम्पती | | | |
| 2.7 | अन्य सम्पती | ३७,३८२ | ७६,४२६ | १७,७२८ |
| 3 | **नाफा नोक्सान हिसाब** | | | |
| 3.1 | ब्याज आम्दानी | ५०३,७०२ | ३२८,५६९ | ३०३,८४२ |
| 3.2 | ब्याज खर्च | ३०८,६१२ | २१६,१८९ | २०६,०७० |
| | **खुद ब्याज आम्दानी** | १९५,०९० | ११२,३८० | ९७,७७२ |
| 3.3 | फि ,कमिसन र डिस्काउन्ट | | | |
| 3.4 | अन्य संचालन आम्दानी | ३३,१०२ | २२,५४१ | १७,८८२ |
| | **कुल संचालन आम्दानी** | २२८,१९२ | १३४,९२१ | १७,८८२ |
| 3.5 | कर्मचारी खर्च | २९,७२० | १९,७९७ | २३,००४ |
| 3.6 | अन्य संचालन खर्च | ३३,१०४ | १६,५७९ | २२,४५० |
| | **सम्भाबित नोक्सानी व्यवस्था अघिको संचाल** | १६५,३६८ | ९८,५४५ | ७०,१९९ |
| 3.7 | सम्भाबित नोक्सानी व्यवस्थाहरु | ११५,०५३ | ११४,२६२ | ११,८३३ |
| | **संचालन मुनाफा** | ५०,३१५ | (१५,७१७) | ५८,३६६ |
| 3.8 | गैर संचालन आम्दानी/खर्च | (२२) | ४७० | (५०) |
| 3.9 | सम्भाबित नोक्सानी व्यवस्थाबाट फिर्ता | ९१,८७४ | २५,३०४ | ३७० |
| | **नियमित कारोबारबाट भएको मुनाफा** | १४२,१६७ | १०,०५७ | ५८,६८७ |
| 3.1 | असामान्य कारोबारहरु बाट भएको आम्दानी | - | | |
| | **कर्मचारी बोनस र कर अघिको नाफा** | १४२,१६७ | १०,०५७ | ५८,६८७ |
| 3.12 | कर्मचारी बोनस व्यवस्था | १२,९२४ | ९१४ | ५,३३५ |
| 3.13 | आयकर व्यवस्था | २५,८४९ | १,८२९ | १०,६७० |
| | **खुद नाफा /(नोक्सान)** | १०३,३९४ | ७,३१४ | ४२,६८१ |
| 4 | अनुपातहरु | | | |
| 4.1 | जोखिम भारित सम्पतीमा पुंजीको पर्याप्तता | १४.६६ | १०.७७ | १३.०८ |
| 4.2 | निष्क्रिय कर्जा/कुल कर्जा (प्रतिशत) | ०.५३ | ४.९० | ०.५३ |
| 4.3 | कर्जा नोक्सानी व्यवस्था/निष्क्रिय कर्जा | २५४.८२ | ८०.४१ | २३६.०६ |
| 4.4 | पुजिको औसत लागत | ९.६४ | ९.५० | १०.४८ |
| 4.5 | कर्जा /निक्षेप अनुपात (प्रतिशत) | ६४.४० | ७८.९३ | ४९.८३ |

# ३० लाख भन्दा बढी शेयर भएका संघ संस्थाहरुको नामावली

## वर्ग घ (५५ लाख देखि माथि)

| सि.न. | संस्थाको नाम | ठेगाना | शेयर रकम |
|---|---|---|---|
| १ | नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालय | सिंहदरबार, काठमाण्डौ | १०,०००,००० |
| २ | साहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | चारपाने, झापा | १०,०००,००० |
| ३ | संकटा बचत तथा ऋण सहकारी संस्था लि. | न्युरोड,काठमाण्डौ | ६,५००,००० |
| ४ | मिलन बहूदेश्यीय सहकारी संस्था लि. | बसन्तपुर,काठमाण्डौ | ५,६३०,००० |
| ५ | नमोबुद्ध बहुउद्देश्यीय सहकारी संस्था लि. | बसन्तपुर,काठमाण्डौ | ५,६११,००० |
| ६ | आई.एम.ई कोअपरेटिभ सर्भिस लिमिटेड | सामाखुशी ,काठमाण्डौ | ५,६१०,००० |
| ७ | चाईना ट्रडे बहउद्देश्यीय सहकारी संस्था लि. | माहाबौद्ध, काठमाण्डौ | ५,६०१,००० |
| ८ | कान्तिपुर सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि. | तिनकुने,काठमाण्डौ | ५,६०१,००० |
| ९ | प्रभू को-अपरेटिभ सर्भिस लिमिटेड | लैनचौर,काठमाण्डौ | ५६००००० |
| १० | सीतापाइला बहुउद्देश्यीय सहकारी संस्था लि.. | सितापाइला,काठमाण्डौ | ५,६००,००० |
| ११ | जेष्ठ बचत तथा ऋण सहकारी संस्था लि. | काभ्रेस्थली,काठमाण्डौ | ५,५९५,००० |
| १२ | विराट बचत तथा ऋण सहकारी संस्था लि. | तिनकुने,काठमाण्डौ | ५,५५०,००० |
| १३ | हेलो कञ्चनजंगा बचत तथा ऋण सहकारी संस्था लि. | न्युरोड,काठमाण्डौ | ५,५१०,००० |
| १४ | हिम शिखर बचत तथा ऋण सहकारी संस्था लि. | लगनखेल | ५,५१०,००० |
| १५ | लालिगुरास बचत तथा ऋण सहकारी संस्था लि. | खुशीबु,काठमाण्डौ | ५,५१०,००० |
| १६ | लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लि. | बुटवल | ५,५१०,००० |
| १७ | पशुपति सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि | पुल्चोक, ललितपुर | ५,५१०,००० |
| १८ | चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था लि. | बनेपा,काभ्रे | ५,५०५,००० |
| १९ | ज्योती बहुउद्देश्यीय सहकारी संस्था लि. | महेन्द्रज्योति,काभ्रे | ५,५०५,००० |
| २० | सगरमाथा सहकारी संस्था लि. | कुपण्डोल,ललितपुर | ५,५०५,००० |
| २१ | गतिशील बचत तथा ऋण सहकारी संस्था लि. | ललितपुर | ५,५०१,००० |

## वर्ग ग (३० लाख देखि ५५ लाख सम्म)

| सि.न. | संस्थाको नाम | ठेगाना | शेयर रकम |
|---|---|---|---|
| १ | क्यापिटल बचत तथा ऋण सहकारी संस्था लि. | क्षेत्रपाटि, काठमाण्डौ | ३,१०५,००० |
| २ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. | काकरभिट्टा, झापा | ३,१००,००० |
| ३ | जनउद्धार सहकारी संस्था लि. | खिचापोखरी, काठमाण्डौ | ३,१००,००० |
| ४ | जनता बहुउद्देश्यीय सहकारी संस्था लि. | सोह्रखुट्टे, काठमाण्डौ | ३,०८५,००० |
| ५ | प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. | इमाडोल, ललितपुर | ३,०१०,००० |
| ६ | मनकामना वित्तिय सहकारी संस्था लि. | बनेपा, काभ्रे | ३,००५,००० |
| ७ | नेशनल गोर्खा बचत तथा ऋण सहकारी संस्था लि. | सामाखुशी, काठमाण्डौ | ३,००१,००० |
| ८ | उपकार बचत तथा ऋण सहकारी संस्था लि. | वालिङ, स्याङजा | ३,००१,००० |
| ९ | चारुमति बहुउद्देश्यीय सहकारी संस्था लि. | टुकुचा | ३,००१,००० |
| १० | स्तुपा स्वास्थ सेवा सहकारी संस्था लि. | बौद्ध, काठमाण्डौ | ३,००१,००० |

# राष्ट्रिय सहकारी बैंकको केन्द्रीय कार्यालय तथा शाखाहरु

| क्र.स | कार्यालय | ठेगाना | फोन न. | फ्याक्स न. |
|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | कुपण्डोल, ललितपुर | ०१- ५०११७८२ | ०१-५५५५६८७ |
| २ | शाखा कार्यालय | लगनखेल, ललितपुर | ०१-५५२९८७९ | ०१-५५५४८७९ |
| ३ | शाखा कार्यालय | चापागांउ, ललितपुर | ०१-५५७४५८४ | ०१-५५७४५८४ |
| ४ | शाखा कार्यालय | बानेश्वर, काठमाण्डौ | ०१-४४६११९०७ | ०१-४१०४१५० |
| ५ | शाखा कार्यालय | चावहिल, काठमाण्डौ | ०१-४४७५४७५ | ०१-४७५४७५ |
| ६ | शाखा कार्यालय | गोगंबु, काठमाडौ | ०१-४३६४६३४ | ०१-४३६४६३४ |
| ७ | शाखा कार्यालय | कलंकी, काठमाण्डौ | ०१-४२८४३९९ | ०१-४२८४३९९ |
| ८ | शाखा कार्यालय | न्युरोड, काठमाण्डौ | ०१-४२१६०२२ | ०१-४२१६०२२ |
| ९ | शाखा कार्यालय | विर्तामोड, झापा। | ०२३-५४०६३३ | ०२३-५४०६३३ |
| १० | शाखा कार्यालय | दमक,झापा | ०२३-५८५४३१ | ०२३-५८५४३१ |
| ११ | शाखा कार्यालय | उर्लावारी, मोरङ | ०२१-५४१८६५ | ०२१-५४१८६५ |
| १२ | शाखा कार्यालय | विराटनगर, मोरङ्ग | ०२१-५४१८६५ | ०२१-५४१८६५ |
| १३ | शाखा कार्यालय | इटहरी, सुनसरी | ०१०-५६०९६६ | ०१०-५६०९६६ |
| १४ | शाखा कार्यालय | बारा, सिमरा | ०५३-५२१०३८ | ०५३-५२१०३८ |
| १५ | शाखा कार्यालय | हेटौंडा,मकवानपुर | ०५७-५२६९५५ | ०५७-५२६९५५ |
| १६ | शाखा कार्यालय | वुटवल,रुपन्देही | ०११-६६१०६३ | ०११-६६१०६३ |
| १७ | शाखा कार्यालय | घोराही, दाङ्ग | ०४९-४२१८७३ | ०४९-४२१८७३ |
| १८ | शाखा कार्यालय | विरेन्द्रनगर,सुर्खेत | ०८३–५२५२२९ | ०८३–५२५२२९ |
| १९ | शाखा कार्यालय | गोदामचोक, बागलुङ | ०६८-५२२५२९ | ०६८-५२२५२९ |
| २० | शाखा कार्यालय | वालिङ,स्याङ्जा | ०६३-४४०६३३ | ०६३-४४०६३३ |
| २१ | शाखा कार्यालय | दमौली, तनहूँ | ०६५-५६२२५२ | ०६५-५६१४७५ |
| २२ | शाखा कार्यालय | पोखरा, कास्की | ०६१-५३९४०४ | ०६१-५३९४०४ |
| २३ | शाखा कार्यालय | विदुर, नुवाकोट | ०१०-५६०९६६ | ०१०-५६०९६६ |
| २४ | शाखा कार्यालय | बनेपा,काभ्रे | ०११-६६१०६३ | ०११-६६१०६३ |
| २५ | शाखा कार्यालय | चरिकोट, दोलखा | ०४९-४२१८७३ | ०४९-४२१८७३ |
| २६ | शाखा कार्यालय | धरान,सुनसरी | ०२५-५२५४७९ | ०२५-५२५४७९ |
| २७ | शाखा कार्यालय | दैलेख | ०८९-४२०५७७ | ०८९-४२०५७७ |
| २८ | शाखा कार्यालय | भक्तपुर,ठीमी | ०१-५०९३०१८ | ०१-५०९३०१८ |
| २९ | शाखा कार्यालय | कोहलपुर,बाँके | ०८१-५४१९०२ | ०८१-५४१९०२ |
| ३० | शाखा कार्यालय | सिन्धुलीमाडी, सिन्धुली | ०४७-५२०६४५ | ०४७-५२०६४५ |

## NACFUFOK Exposure Programme मा सहभागिता



एसियाली ऋण महासंघको सहयोगमा कोरियाली क्रेडिट युनियनको आह्वानमा भएको NACFUFOK Exposure Programme मा बैंकको तर्फबाट बैंकका नायब महाप्रबन्धक श्री बद्रीकुमार गुरागाईले सहभागिता जनाउनुभयो। दक्षिण कोरीयाको राजधानी सियोलमा मिति २०७०/०३/१७ देखि २०७०/०३/२२ सम्म भएको उक्त कार्यक्रममा एशियाका १० देशको सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा विशेषत कोरियाली क्रेडिट युनियनले हासिल गरेका सफलता र उक्त सफलताका लागि गरिएका कार्यहरुका बारेमा सहभागिहरुलाई जानकारी गराईएको थियो। साथै आउने दिनहरुमा कोरियाली क्रेडिट युनियनका सफलताका कारणहरुलाई अन्य देशहरुले पनि आफ्ना परिवेशमा मिल्ने गरी कार्यक्रमहरु ल्याई सञ्चालन गर्ने अपेक्षा लिएको समेत NACFUFOK को अध्यक्षले उक्त कार्यक्रममा व्यक्त गर्नुभएको थियो।

## थप चार शाखाको तयारी अन्तिम चरणमा

राष्ट्रिय सहकारी बैक लिमिटेडले आफ्ना सदस्य संघसंस्थाहरुलाई कारोबार सघाऊ पुऱ्याउने तथा आफ्नो कारोबार बृद्धि गर्ने हेतुले हालै नेपाल राष्ट्र बैंकबाट स्वीकृति पाई निम्न चार ठाउँहरुमा शाखा विस्तार गर्ने क्रममा पुर्वाधारको तयारी भइरहेको छ।

१. धनुषा जिल्लाको जनकपुर
२. पर्सा जिल्लाको बिरगंज
३. इलाम जिल्लाको इलाम
४. सप्तरी जिल्लाको राजबिराज

साथै नयाँ शाखा विस्तार गर्ने सिलसिलामा उल्लेखित जिल्लाहरुमा चाडै नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिने तयारीमा छ।

१. कैलाली
२. रौतहट
३. सिराहा

# सहकारी क्षेत्रमा तालिमको आवश्यकता



**सरिता भट्टराई**
**सञ्चालक, राष्ट्रिय सहकारी बैंक लि.**

**पृष्ठभूमि** (Background):

सन् १८४४मा बेलायतको रोचडेलवाट शुरु भएको सहकारी अभियान नेपालमा वि.सं २०१३ चैत्र २० गते चितवनको बखानपुरबाट प्रवेश गरेको हो । यसरी नेपालमा सहकारी अभियानले ५७ वसन्त पार गरिसकेको छ । हालसम्म नेपालमा विभिन्न उद्देश्य भएका करिव २८ हजार प्रारम्भिक सहकारी संस्थाहरुको स्थापना भइसकेको छ । यसका अतिरिक्त ६८ वटा जिल्ला सहकारी संघ, २१७ वटा विषयगत जिल्ला सहकारी सघं १७ वटा विषयगत केन्द्रिय सहकारी संघ र एउटा राष्ट्रिय सहकारी बैंकको स्थापना भइसकेको छ । साथै नेपालका सम्पूर्ण सहकारी संघ संस्थाहरुको छाता संघको रुपमा राष्ट्रिय सहकारी संघको समेत स्थापना भइसकेको छ । वर्तमान सरकारले समेत सहकारी क्षेत्रलाई महत्व दिँदै नेपालको आर्थिक विकासका लागि तिन खम्बे अर्थनीतिलाई जोड दिएको छ । जस अन्तरगत सरकारी, सहकारी र निजी क्षेत्रको संलग्नतालाई आर्थिक विकासको मेरुदण्डको रुपमा परिकल्पना गरिएको छ ।

बहुदलीय व्यवस्थाको पुर्नस्थापना पछि वि.सं. २०४८ सालमा सहकारी ऐन र वि.सं.२०४९ मा सहकारी नियमावली लागू भयो । जस अनुसार २५ जनाको समुह मिलेर सजिलैसँग सहकारी संस्थाको दर्ता गर्न सकिने प्रावधान बन्यो । फलस्वरुप छोटो अवधिमै स्वतस्फुर्त रुपमा धेरै सहकारी संस्थाहरुको जन्म भयो । यस्ता संस्थाहरु स्थानीय रुपमा गठन भएका र सरकारी स्तरबाट हुने फितलो अनुगमनले गर्दा सञ्चालन हुने क्रममा अनेकौं समस्या आउन थाले । गुणात्मक रुपमा सहकारी संस्थाले फड्को मार्नुपर्नेमा आवश्यक सिप, ज्ञान तथा कार्यकुशलताको अभावले गर्दा कतिपय सहकारी संस्थाको अवस्था खस्किन थाल्यो । यसरी सहकारी क्षेत्रमा संलग्न सदस्य र संचालकहरु समेतले आवश्यक सीप, ज्ञान, शिक्षा तथा तालिम प्राप्त नहुँदा यस क्षेत्रले उचित मार्गदर्शन नपाएको महसुस गरियो । यसरी आ-आफ्नो तरिकाले सहकारी संचालन गर्नाले सहकारी क्षेत्रमा वाधा अडचन आउनुका साथै गुणात्मक रुपमा ह्रास आउने क्रम जारी भएको देखियो ।

अन्तराष्ट्रिय रुपमा सहकारी संस्थाहरुलाई एकरुपता प्रदान गर्ने उद्देश्यले अन्तराष्ट्रिय सहकारी महासंघले सहकारीका ७ सिद्धान्तको प्रतिपादन गऱ्यो । उक्त सात सिद्धान्तहरुले सहकारी संस्थाहरुलाई स्वनियन्त्रित, स्वचालित गतिशील र पारदर्शी बनाउने उद्देश्य राखेको थियो । उक्त सात सिद्धान्तमध्ये सहकारी संघ संस्थालाई सक्षम र आत्मनिर्भर बनाउन पाँचौ सिद्धान्तको रुपमा शिक्षा, तालिम र सुचनालाई जोड दिएको छ । यसै सन्दर्भमा सहकारी संस्थाको दिगो विकासका लागि आफ्ना शेयर सदस्य, पदाधिकारी, व्यवस्थापक तथा अन्य कर्मचारीहरुलाई शिक्षा तथा तालिम मा सहभागी गराउनु अनिवार्य भएको देखिन्छ । निश्चय पनि सहकारी क्षेत्रले गर्ने व्यवसाय अन्य निजी व्यवसाय भन्दा फरक भएकोले पनि सहकारीमा संलग्न व्यक्ति वा समुहहरुलाई छुट्टै विशेष प्रकारको ज्ञान सिप, शिक्षा र तालिम दिनु आवश्यक देखिन्छ ।

यस लेखमा सहकारी क्षेत्रसँग सम्वन्धित सबैलाई आवश्यक पर्ने सिप र तालिमको संक्षिप्त विवरण प्रकाश पार्न खोजिएको छ ।

**तालिमको परिभाषा** (Definition of Training):

- तालिम यस्तो कार्य हो जसले सम्बन्धित क्षेत्रमा सीपको विकास गराउँदछ, तर तालिम साध्य हैन यो लक्ष्यमा पुग्ने एक साधन हो ।
- तालिम लक्ष्य हैन तर लक्ष्यमा कसरी पुग्ने भन्ने बाटो हो ।
- यो कति माथि जाने भन्ने हैन तर कसरी उड्ने भन्ने आधार हो ।
- यो हामीले सोचे जति उत्पादन चैं हैन तर केही न केही उत्पादन चैं पक्कै हो ।
- तालिम भविश्यको कल्पना हैन तर कल्पनालाई साकार गर्ने ज्ञान चैं हो ।

तालिम एक यस्तो सिक्ने कला हो जसबाट प्रशिक्षार्थीलाई आवश्यक ज्ञान प्राप्त हुन्छ । साथै विषयगत अवधारणा, सिप, नीति, नियम आचरण तथा व्यवहारमा परिवर्तन ल्याई कार्यक्षमतामा अभिबृद्धि समेत गराउँदछ । तालिम भनेको एक वा एक भन्दा बढी क्रियाकलापहरुलाई प्रभावकारी ढंगले सम्पादन गर्न व्यक्तिको बानी आचरण सिप र व्यवहारमा सिकाइको अनुभवको माध्यमबाट परिवर्तन गर्ने योजनाबद्ध प्रक्रिया हो ।

व्यवस्थापनशास्त्री सि.वि. मेमोरियाका अनुसार 'तालिम ज्ञानको प्रयोग हो यसले मानवले गर्ने व्यवहारको नीति नियम र कार्यविधिहरुका विषयमा सचेत गराउँदछ ।'

**तालिमको उद्देश्य** (Objective of Training):

तालिमले व्यक्तित्व विकास कार्यक्षमता र कार्यदक्षताको विकास र आएका समस्या समाधान गर्ने क्षमताको विकास हुन्छ । समायानुसार नयाँ नयाँ प्रविधिहरुको प्रयोग गर्दै वैज्ञानिक विश्लेषणात्मक दृष्टिकोण राख्न सक्ने बनाउनु पनि यसको उद्देश्य हो । तालिम मार्फत कार्य कुशलतामा बृद्धि हुदै स्वस्थ प्रतिश्पर्धा गर्न सक्ने क्षमतामा बृद्धि गराउनु, जनशक्तिको भरपुर सीप ज्ञानको विकास गर्दै व्यक्ति विकासमा टेवा पुऱ्याउने र आवश्यक थप जनशक्तिलाई समेत विकासमुलक सेवामुलक र जनमुखी बनाउनु नै तालिमको प्रमुख उद्देश्य हो ।

**तालिमको महत्व** (Importance of Training):

जनशक्तिलाई निखार्न तालिमको अत्यधिक महत्व

- उत्पादकत्वमा बृद्धि गराउन ।
- सामुहिक भावनाको विकाश गराउन ।
- जनशक्तिको अधिकतम उपयोग गरी कार्य सम्पादनमा सुधार गर्न ।
- नयाँ प्रविधि, सिद्धान्त र प्रयोगको बारेमा जानकारी गराउन ।
- सकारात्मक भावनाको विकास गर्न ।
- गुणस्तरमा अभिबृद्धि गराउन ।
- स्वस्थ कार्य गर्ने वातावरणको विकास गराउन ।
- सीचाइ र मनोबृत्तिमा सुधार ल्याई असल आचरणको विकास गर्न ।
- संस्थागत छबिमा सुधार ल्याउन ।
- संस्थालाई नाफामुखी बनाउने क्षमताको

विकास गराउन ।

- व्यक्तिको मनोवलमा बृद्धि गराउन ।
- असहज परिस्थितिको सामना गर्न सक्ने बनाउन ।

त्यसैगरी तालिमबाट संगठनको विकास गर्ने क्षमता बढ्नुका साथै सही निर्णय गर्ने क्षमताको विकास हुन्छ । यसले संगठनमा बनेका नीति, नियमका बारेमा स्पष्ट बुझ्न र बुझाउन सक्ने बनाउँछ । त्यस्तै तालिमको माध्यमबाट नेतृत्व विकास गर्नुका साथै नम्र व्यवहार र उत्प्रेरित गर्ने भावना विकास समेत गराउँदछ ।

**नेपालमा सहकारी तालिमको वर्तमान अवस्था** (Present scenario of cooperative Training in Nepal):

सहकारीको पाँचौ सिद्धान्तले शिक्षा तालिमलाई विशेष जोड दिएको छ भने राष्टिय सहकारी नीति २०६९ मा समेत सहकारी शिक्षा तालिम र सुचनालाई व्यापक र प्रभावकारी बनाउन सम्बन्धित सरकारी निकाय तथा सहकारी संघ संस्थालाई प्रभावकारी ढंगले परिचालन गरिने साथै सदस्यहरुको चेतना अभिबृद्धि गर्न र व्यवस्थापन क्षमता बढाउन सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिने, सहकारी सम्बन्धि तालिम दिने र सुचना सम्प्रेषण गर्ने काममा सहकारीका संघ संस्थाहरुको अग्रसरता र सहभागितालाई प्रोत्साहित गरिने छ भनि लेखिएको छ । त्यस्तै केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रबाट प्रशिक्षक प्रशिक्षणमा विशेष जोड दिइने, सहकारी शिक्षा, सुचना तथा संचार केन्द्रको स्थापना गरी सहकारी सुचना व्यवस्थापन प्रणालीमा सुदृढ गरिने, सहकारी शिक्षा र तालिमका लागि सहकारी शिक्षाकोषको स्थापना गरिने, साथै संस्थाको खुद नाफाबाट केही निश्चित प्रतिशत सहकारी शिक्षाकोषमा अनिवार्य राख्न विनियममा नै व्यवस्था गर्नुपर्ने भनि प्रमुख कार्यहरु तोकिएको छ । सोही अनुरुप नेपालमा वि.सं. २०१९ सालमा सहकारीका नेतृत्व वर्ग र कर्मचारीहरुलाई सहकारी सम्बन्धि ज्ञान तथा सीप अभिबृद्धि गर्ने उद्देश्यले केन्द्रिय सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । दिनानुदिन सहकारी संघ संस्थाहरु दर्ता हुने क्रम बढ्न थाले पछि वि.सं. २०६१ मा पाँच विकास क्षेत्रहरुमा क्षेत्रीय सहकारी प्रशिक्षण केन्द्रको स्थापना भयो । यस केन्द्रको मुख्य उद्देश्य सहकारीताको प्रवर्द्धन गर्न सहकारी संघ संस्थाका पदाधिकारी तथा कर्मचारीहरुलाई सक्षम बनाउन र कार्यकुशलतामा अभिबृद्धि गराउन, अध्ययन अनुसन्धान तथा परामर्श प्रदान गर्नु हो । साथै संघ संस्थालाई व्यवसायोन्मुख बनाउदै लैजान आवश्यक तालिम प्रदान गर्नु समेत यसको प्रमुख उद्देश्य रहेको छ ।

हाल नेपाल सरकारको तर्फबाट ३८ डिभिजन सहकारी कार्यालय ५ क्षेत्रीय सहकारी प्रशिक्षण केन्द्र र एक केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र मार्फत तालिम प्रशिक्षण दिने कार्य भइ रहेको छ भने सहकारी अभियानको तर्फबाट राष्टिय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफस्कुन), जिल्ला सहकारी संघ लि, विषयगत केन्द्रीय तथा जिल्ला सहकारी संघ लि.र प्रारम्भिक सहकारी संस्थाहरुले समेत शिक्षा तथा तालिम उपसमिति मार्फत पनि आफ्ना सदस्यहरुलाई तालिम दिने कार्य भइ रहेको छ । साथै विभिन्न निजी संस्थाहरुले पनि सहकारी क्षेत्रलाई लक्षित गरी तालिम दिन थालेको देखिन्छ ।

**सहकारी क्षेत्रमा तालिमका समस्या** (Problems in Cooperative Training )

हाम्रो देशमा लामो समयदेखि सरकार र सहकारी अभियानले समेत सहकारी संघ संस्थाका प्रवर्द्धनका लागि विभिन्न नीति नियम र कार्य बनाएर तालिम कार्यक्रमलाई अगाडि बढाउन खोजिएता पनि निम्नानुसारका समस्याले अपेक्षाकृत सफलता हासिल गर्न नसकिएको हो कि ? जस्तै :

- लक्षित वर्गलाई पहिचान नगरी तालिम कार्यक्रम ल्याउनु ।
- राज्यसँग कार्यक्रम अनुसार बजेट नहुनु ।
- संस्था स्थापना गर्न सजिलो तर तालिम लिने दिने कुरामा नेतृत्वले महत्व नदिनु र तालिमप्रति सकारात्मक नहुनु ।
- तालिमको पर्याप्त अवसर नहुनु तथा आवश्यक श्रोत साधनको कमी हुनु ।
- विषयगत ज्ञान भएका प्रशिक्षकहरुको अभाव हुनु ।
- तालिम पश्चात अनुगमन र मुल्यांकन नगर्नु ।
- तालिम पश्चात सिकेका जानेका कुराहरुलाई व्यवहारमा नउतार्नु ।
- तालिमलाई व्यवहारिक भन्दा सैद्धान्तिक ज्ञानमा जोड दिनु ।
- सम्बन्धित विषयगत तालिममा उपयुक्त व्यक्तिलाई सहभागी नगराइनु ।
- सहकारीको संख्यात्मक बृद्धिका आधारमा गुणात्मक विकास नहुनु ।
- सम्बन्धित निकायले तालिम प्राप्त व्यक्तिहरुको क्षमतालाई सदुपयोग नगर्नु ।
- सहकारी शिक्षा कोषमा जम्मा भएको रकमलाई शिक्षा तालिममा प्रयोग नगर्नु ।

**समस्या समाधानका उपायहरु** (Solutions Ahead)

सहकारी क्षेत्रमा तालिममा देखिएका समस्याहरुलाई समाधान गर्न निम्नानुसारका उपाय अपनाउँदा लक्षमा पुग्न सकिन्छ कि ?

- लक्षित वर्गको पहिचान गरी तालिम कार्यक्रम संचालन गर्ने ।
- नेतृत्व पंक्तिबाट नै तालिमप्रति सकारात्मक भइ महत्व दिने ।
- तालिम केन्द्रहरुमा आवश्यक श्रोत साधनको व्यवस्था गराइनुपर्ने ।
- विषयगत प्रशिक्षककहरुको पहिचान गरी तालिम संचालन गर्नु तथा प्रशिक्षकहरु समेतलाई समय समयमा थप प्रशिक्षित गराउने ।
- तालिम पश्चात सिकेका बुझेका कुराहरुलाई तत्काले व्यवहारमा उतार्ने प्रयास गर्ने ।
- तालिमलाई सैद्धान्तिक भन्दा व्यवहारिक र सिपमुलक तालिममा जोड दिने ।
- सम्बन्धित निकायले लामो अवधिका सहकारी सम्बन्धि तालिम लिएका व्यक्तिहरुलाई निजको क्षमताको आधारमा उपर्युक्त ठाउँमा जिम्मेवारी बहन गर्ने वातावरण बनाउनुपर्ने ।
- तालिम पश्चात पुनरताजगी तालिमलाई अनिवार्य गराउने ।
- नेतृत्वमा आउनेले अनिवार्य सहकारीका बारेमा आधारभुत तालिम लिएको हुनुपर्ने ।
- सहकारीका सम्पुर्ण सदस्यहरुले समेत तालिममा अनिवार्य सहभागी हुनुपर्ने व्यवस्था गर्ने ।
- सहकारी शिक्षा कोषमा राखिएको रकमलाई शिक्षा तालिमका लागि नै सदुपयोग गर्ने ।
- नयाँ तथा वैज्ञानिक विधि अपनाई तालिम प्रशिक्षण दिने व्यवस्था गर्ने ।
- प्रशिक्षण केन्द्रहरुलाई आत्म निर्भर बनाउने ।
- सम्बन्धित निकायले सहकारी संस्थाले सदस्यहरुलाई दिएको तालिम विवरण माग गरि तालिममा अनिवार्य सहभागी गराउने व्यवस्था गर्ने ।
- सहकारी संघ संस्था र सरकारको समन्वयमा सहकारी तालिमलाई प्रभावकारी ढंगबाट संचालन गर्ने ।
- सम्पूर्ण सहकारीकर्मीहरुले तालिम प्रशिक्षणलाई महत्वपुर्ण ठानी तालिममा सहभागी हुने वातावरण सिर्जना गर्ने ।

अन्त्यमा, सहकारी क्षेत्रमा समर्पित व्यक्तिहरुको कार्यक्षमता बृद्धि गर्नका लागि तालिम अपरिहार्य भएको छ । जुनसुकै क्षेत्रमा काम गर्दा सफल हुन पनि सो क्षेत्रका बारेमा सम्पुर्ण ज्ञान हासिल भएको हुनुपर्दछ । त्यसका लागि सहकारीमा पनि समय सापेक्ष तालिममा सहभागी अनिवार्य छ । सम्पुर्ण सहकारी संघ संस्थाहरुले तालिमको आवश्यकता महसुस गरी यसलाई कार्यान्वन गर्नु वाहेक अरु विकल्प छैन । यसरी सहकारीका पदाधिकारी , कर्मचारी तथा सदस्यहरु प्रशिक्षित भइ कार्यक्षमता अभिबृद्धि गरेमात्र संस्था संचालनमा सहजता आउंछ र सहकारी क्षेत्रको भविश्य उज्वल हुने देखिन्छ । जय सहकारी ।

# धनी र गरीब बीचको असमानता तोड्न सहकारी उपयुक्त माध्यम : मुख्यसचिव पौडेल

काठमाडौं, नेपाल सरकारका मुख्य सचिव लिलामणी पौडेलले गरीब र धनी बीचको खाडल अन्त्य गर्नका लागि सहकारी उत्तम विकल्प हुने भएकाले सहकारी क्षेत्रलाई उत्पादन, प्रशोधन र बजारीकरणमा लगाउनुपर्नेमा जोड दिनुभएको छ।

राष्ट्रिय सहकारी बैंक, जिल्ला सहकारी संघ काठमाडौं र हिमालय सहकारी संस्थाले ०७० असार २४ गते काठमाडौंमा आयोजना गरेको राष्ट्रिय सहकारी नीति-२०६९ र सहकारी मापदण्ड-२०६८ सम्बन्धी राष्ट्रिय गोष्ठीमा उहाँले यस्तो बताउनुभएको हो।

८० प्रतिशत कमजोर आय भएका जनताको आयस्तर बढाउनका लागि सहकारीलाई उपयोग गर्नुपर्नेमा जोड दिदै उहाँले सहकारीको नियन्त्रण पूँजीको आधारमा नभई उत्पादनका आधारमा गरिनुपर्ने बताउनुभयो। धनी र गरीब, शहर र गाउँ, पूँजी हुने र नहुने बीचको खाडल बढ्दै गएको सन्दर्भ उल्लेख गर्दै मुख्य सचिव पौडेलले यस्ता खाले असमानता तोड्नका लागि सहकारी क्षेत्रले स-सानो पूँजी परिचालन गरी उत्पादन, प्रशोधन र वितरणको काम गर्नुपर्ने उहाँको भनाइ छ।

पूँजीवादी अर्थव्यवस्थामा देखिएका विकृतिहरु सहकारी क्षेत्रमा प्रवेश गर्नु हुँदैन भन्दै उहाँले नवउदारवादी अर्थतन्त्रमा पूँजीले नै सबै कुरा निर्धारण गर्छ, सहकारीको नियन्त्रण पूँजीले गर्न नहुनेमा जोड दिनुभयो। कार्यक्रममा पूर्वमन्त्री राजेन्द्र पाण्डेले सहकारी मार्फत गरीबी निवारण गर्ने हो भने राज्यले नेपालका सबै गाविसमा सहकारी स्थापना गर्ने, बजेट विनियोजन गर्ने र त्यसको प्रभावकारी अनुमगन आवश्यक रहेको बताउनुभयो। सहकारी ऐन, नियम, नीति आएपनि कार्यान्वयन नभएको भन्दै उहाँले नीतिसँगै बजेटको व्यवस्था गर्नु पर्नेमा जोड दिनुभयो।

राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य सचिव नेत्र न्यौपानेले सहकारीको भूमिकालाई प्रभावकारी बनाउनका लागि संघहरुलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो।

राष्ट्रिय सहकारी संघका उपाध्यक्ष विजयराज घिमिरेले राष्ट्रिय सहकारी नीति २०४२ सालमा आएको साझा नीति जस्तै देखाउनका लागि ल्याएको जस्तो हुन नहुने भन्दै सरोकारवालाहरुको ध्यानाकर्षण गराउनु भएको थियो। सहकारी तथा गरिवी निवारण मन्त्रालयका निमित्त सचिव सुरेश प्रधानले नेपाल सरकारले सहकारीलाई बलियो बनाउन ल्याएको राष्ट्रिय सहकारी नीति कार्यान्वयनगर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो।

नेपाल राष्ट्र बैंकका निर्देशक चिन्तामणी शिवाकोटीले सहकारी नियमन प्रणालीलाई व्यवस्थित गराउँदै सहकारी क्षेत्रमा विदेशी पूँजीलाई समेत प्रवेश गराउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा सहकारी विभागका रजिष्ट्रार केदार न्यौपानेले सहकारी मापदण्ड-२०६८ र पूर्व रजिष्ट्रार सुदर्शन ढकालले राष्ट्रिय सहकारी नीति-२०६९ सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यपत्रमाथि राष्ट्रिय सहकारी संघका उपाध्यक्ष विजयराज घिमिरे, संघका सञ्चालक ओमदेवी मल्ल जोशी र अमृतनाथ रेग्मीले टिप्पणी गर्नुभएको थियो।

कार्यक्रम राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, प्रवन्ध सञ्चालक के.बी. उप्रेतीको स्वागत र सञ्चालक सदस्य सरिता भट्टराईको सञ्चालनमा सम्पन्न भएको थियो। कार्यक्रमको उद्देश्य बारेमा हिमालय सहकारी संस्थाका अध्यक्ष उत्तम बास्कोटाले जानकारी गराउनुभएको थियो।

# अन्तराष्ट्रिय तालिममा सहभागी

एसियाली ऋण महासंघको (Association of Asian Confederation of Credit Union, ACCU) आयोजनामा मिती २०७० जेष्ठ ३० गते देखि असार ७ गते सम्म संचालित विकास प्रशिक्षण तालिम (Development Education Workshop) मा यस बैंकका संचालक तथा शिक्षा तथा तालिम उपसमितीका संयोजक सरिता भट्टराई सहभागी हुनुभयो।



ACCU बाट संचालित तालिमहरु मध्ये उत्कृष्ट मानिएको उक्त तालिममा नेपाल सहित फिलिपिन्स, कोरिया, थाइल्यान्ड, श्रीलंका, वंगलादेश, लाओस आदि देशका सहकारीकर्मीहरुको सहभागिता रहेको थियो। उक्त तालिम लिइ सफलतापूर्वक सम्पन्न गर्ने सहकारीकर्मीहरुलाई Development Educator को उपाधि प्रदान गरिन्छ। सन् १९९९ देखि शुरु भएको उक्त तालिममा एसियाका विभिन्न देशका ४६७ जना सहकारीकर्मीहरुले तालिम प्राप्त गरिसकेका छन् जसमध्ये ५ जना नेपालीहरु पर्दछन्।

बचत तथा ऋण सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता, सीप र व्यवहारलाई समयानुकुल अभिबृद्धि गर्दै सहकारी आन्दोलनलाई अगाडि बढाइ समाजमा व्याप्त गरिवी तथा असमानता लाइ न्युनीकरण गर्न सहयोग पुऱ्याउन यस तालिमको मुख्य उद्देश्य थियो।

उक्त तालिम प्राप्त गरेपछि सहकारीआन्दोलन लाई अगाडि बढाउन आफ्नो कांधमा थप जिम्मेवारी आएको र उक्त जिम्मेवारीलाई कुशलतापूर्वक व्यवस्थापन गर्न यस तालिमले थप उर्जा प्रदान गरेको महसुस भएको संचालक भट्टराईले बताउनुभयो।

# राष्ट्रिय सहकारी ...

नियन्त्रणमा हुन थालेकोप्रति चिन्ता व्यक्त गर्नुभयो । यस्तो भयो भने मुलुकको अर्थतन्त्रले फेरि पनि काँचुली फेर्न सक्दैन, उपराष्ट्रपति झाको भनाइ थियो ।

साना उद्यमीहरूलाई संगठित गर्दै कृषिमा आधुनिकीकरण, जलविद्युत, पर्यटनसँगै औद्योगिक क्षेत्रमा लगानी गर्नका लागि सहकारी क्षेत्रलाई राज्यले प्रोत्साहित गर्नुपर्ने भन्दै उहाँले सहकारी क्षेत्रलाई कमजोर बनाउने गरी छिटफुट हुने गरेका घटनाको राम्रो अनुगमन र गल्ती गर्नेलाई कार्वाही गर्नु पर्ने बताउनुभयो । नेपालका सबै कमर्शियल बैंकहरूको केन्द्रीय बैंक राष्ट्रबैंक भएजस्तै सहकारीहरूको केन्द्रीय बैंकका रुपमा राष्ट्रिय सहकारी बैंकलाई स्थापित गर्न सबैको सहयोग आवश्यक रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले मुक्तबजार अर्थतन्त्र र राज्यनियन्त्रित अर्थतन्त्रले मुलुकको उन्नती हुन नसकेपछि ठुलो छलफलबाट आएको तीनखम्बे अर्थनीतिलाई विरोध गर्नुको सट्टा यसका राम्रा पक्षलाई कार्यान्वयन गर्दै जनताको आयस्तर उठाउन, निर्यात बढाउन र आयत घटाउनतर्फ लाग्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रबैंकका गभर्नर डा.युवराज खतिवडाले समावेशी, समन्यायिक र दिगो विकास सहकारी अभियान बिना सम्भव नभएको दाबी गर्नुभयो । सहकारी अभियान बिना आर्थिक सामाजिक समृद्धि हुँदैन भन्ने विषयमा घण्टौं छलफल गर्न तयार छु,'आर्थिक र सामाजिक समृद्धिका लागि सहकारी अभियान सरकारी र निजी क्षेत्रको महत्वपूर्ण साझेदार हो, यसले विपन्न जनताको आयस्तर बढाउन सबै भन्दा प्रभावकारी भूमिका खेल्छ ।' राष्ट्रिय सहकारी बैंकले आफ्नो भूमिका स्पष्ट पार्नुपर्नेमा जोड दिदै उहाँले आफ्ना गतिविधिलाई साना किसान र ग्रामीण समुदायतर्फ अझ बढी केन्द्रित गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष दिपकप्रकाश बास्कोटा, बैंकका सल्लाहकार केशव नेपाल, राष्ट्रिय सहकारी विकास बोर्डका सदस्य सचिव नेत्रप्रसाद न्यौपाने, सहकारी विभागका रजिष्ट्रार केदार न्यौपाने, राष्ट्रिय सहकारी संघका सञ्चालक ओमदेवी मल्ल जोशी, राष्ट्रिय सहकारी बैंकका पूर्व सञ्चालक सि.बी. लामा लगायतले सहकारी बैंकलाई मुलुकभरका सहकारी संघ संस्थाहरूको केन्द्रीय बैंकका रुपमा स्थापित गर्नका लागि राज्यले स्पष्ट योजना बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रम राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेशप्रसाद पोखरेलको अध्यक्षता, लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीको स्वागत र सञ्चालक सदस्य हरिहरनाथ योगीको सञ्चालनमा सम्पन्न भएको थियो । बैंकको अवस्थाका बारेमा प्रबन्ध सञ्चालक के.बी. उप्रेतीले जानकारी गराउनुभएको थियो ।

# ACC ...

राष्ट्र.बैंकका गभर्नर युवराज खतिवडा, सहकारी विभागका रजिष्ट्रार केदार न्यौपाने लगायतका बिशिष्ट व्याक्तित्वहरुको सहभागिता रहेको थियो । कार्यक्रमकाें उदघाटन पानसमा बत्ती बालेर प्रमुख अतिथिबाट सम्पन्न भएको थियो । कार्यक्रमको उदघाटन पूर्व नै एशियाली ऋण महासंघका प्रमुख कार्यक्रम अधिकृत रञ्जित हिताराचीबाट फोरम अवधिभर हुने सबै क्रियाकलापहरुको संक्षिप्त जानाकारी गराइएको थियो । फोरमका प्लेनरी तथा ब्रेक आउट सत्रहरुका छलफलका सहजकर्ता तथा श्रोत व्याक्तिहरुको परिचय गराउन सहजिकरण गर्नु भएको थियो ।

कार्यक्रमको प्रमुख अतिथि सम्माननीय मन्त्री परिषद्का अध्यक्ष खिलराज रेग्मीले नेपालमा सहकारीको विकासको संक्षिप्त चर्चा गर्दै नेपालमा सहकारीको विकास २०१० सालमा सहकारी विभागको स्थापनापछि गति लिएको बताउनुभयो । फोरमको सफलताको




कामना गर्दै यसै बर्ष सरकारले सहकारी नियमावली संसोधनको लागि काम गरि रहेको बताउनुभयो । सहकारीहरुको स्थापित व्यवस्थापकीय मापदण्डको आधारमा व्यावस्थापन गर्न सुझाव दिदै सहकारी राष्ट्रिय विकासमा योगदान गर्न स्वनियमनमा रहन सल्लाह समेत दिनुभयो । अन्तराष्ट्रिय स्तरको कार्यक्रम नेपालमा आयोजना गर्न सकेकोमा आयोजक तथा आतिथ्यता गर्ने संस्थाहरुलाइ धन्यवाद दिदै सरकार साकोसको गुणात्मक विकासमा प्रतिबद्ध रहेको बताउनुभयो ।

राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडाल तथा नेपाल राष्ट्र बैंकका गभर्नर डा. युवराज खतिवडाले फोरमको सफलताको कामना गर्दै यस फोरमले साकोस विकासका लागि मार्गनिर्देश गर्न सक्ने कुरा उल्लेख गर्नुभयो । त्यस्तै नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. का अध्यक्ष मीनराज कंडेल तथा राष्ट्रिय सहकारी बैंक लि.का अध्यक्ष रमेश पोखरेलबाट शुभकामना मन्तव्य राख्नुभएको थियो । फोरममा Plenary तथा Breakout सत्रहरुमा साकोसमा नेतृत्व विकासका विविध पक्षहरु, जोखिममा आधारित सुपरिवेक्षण तथा साकोसमा युवा सहभागिताका पक्षका समस्या तथा समाधानका उपायहरुको विषयमा छलफल भएको थियो । Breakout सत्रहरुको निचोड संयुक्त रुपमा प्रस्तुत गर्दै कार्यन्वयनको लागी ACCU बाट प्रतिबद्धता गरियो ।

Blueprint for credit union growth and development भन्ने मुख्य नारा रहेको यस फोरमको पूर्व कार्यशालामा मानव संसाधन विकास कार्यशाला, प्रमूख कार्यकारी अधिकृतहरुको कार्यशाला र युवा तथा महिलाहरुको कार्यशाला सेप्टेम्बर ९ देखि ११ सम्म अलग अलग रुपमा संचालन भइ सम्पन्न भएको छ । साकोसको व्यावसयिक विकासका लागि प्रतिबद्धता प्रकट गर्दै सहभागिता, पहिचान, दिगोपना, सहयोगी कानुनी ढाँचा तथा पुँजी जस्ता पक्षहरुमा काम गर्ने प्रतिबद्धता गरी आगामी Asian Credit Union Forum 2014 कार्यक्रम इन्डोनेसियाको जाकर्तामा आयोजना गर्ने निर्णय गरियो ।

अन्त्यमा एशियाली ऋण महासंघका अध्यक्ष साइमन पेरेइरा ले राष्ट्रिय सहकारी बैंक र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघले महत्वपुर्ण भूमिका निभाएकोमा विशेष धन्यवाद दिदैं गर्दै सम्पुण सहभागीहरुलाई समेत धन्यवाद व्यक्त गर्नु गर्दै कार्यक्रम सम्पन्न भएको थियो ।

# बैंक गतिविधि

### बुटवल

राष्ट्रिय सहकारी बैंक बुटवल शाखाको आयोजनामा सहकारी र सहकारी बैंक सम्वन्धि अन्तक्रिया कार्यक्रम बुटवलमा सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडाल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश पोखरेल, प्रवन्ध संचालक के.बी. उप्रेति, डिभिजन सहकारी कार्यालय तौलिहवा प्रमुख बेदप्रकाश उपाध्याय, डिभिजन सहकारी कार्यालय रुपन्देही प्रमुख रमा आचार्य लगायतले बोल्नुभएको थियो ।

यस्तै डोलप्रसाद अर्याल, नेत्रबहादुर पाण्डे, चुरामणि खरेल, तिलकराम पौडेल, अजय अधिकारी, कृष्णप्रसाद भुसाल लगायत सहकारीकर्मीहरुले सहकारी संचालनका क्रममा भोगेका समस्याहरु राख्नुभएको थियो ।

राष्ट्रिय सहकारी बैंक बुटवल शाखा व्यवस्थापन समितिका सह-संयोजक तथा जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष भिम तुलाचनको अध्यक्षता, बचत तथा ऋण सहकारी संघ रुपन्देहीका उपाध्यक्ष महेश्वर प्रसाद श्रेष्ठको स्वागत र बचत तथा ऋण जिल्ला सहकारी संघ रुपन्देहीका अध्यक्ष कृष्णप्रसाद नेपालको संचालनमा सम्पन्न भएको थियो ।

### उर्लाबारी

राष्ट्रिय सहकारी बैंक लिमिटेडको शेयर तथा सदस्यता वृद्धिका लागि सञ्चालन गरिएको अभियान अन्तरगत ०७० भदौ १२ गते मोरङको उर्लावारीमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडाल, राष्ट्रिय सहकारी बैंकका अध्यक्ष रमेश पोखरेल, तेजकुमार रिजाल, सोमनाथ निरौला, भुपालसिंह जिमी लगायतले बोल्नुभएको थियो । कार्यक्रम नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघका सञ्चालक हरिचरण बानियाँको अध्यक्षता सम्पन्न भएको थियो ।

### उदयपुर

बचत तथा ऋण सहकारी संघ लिमिटेड उदयपुरको आयोजनामा "सहकारी र राष्ट्रिय सहकारी बैंक : आवश्यकता, अवसर र चुनौती" विषयक अन्तरक्रिया २०७० भदौ ३१ गते सम्पन्न भयो । सहभागीहरु सहकारी संघ संस्थाका प्रतिनिधिहरुले ३ महिना भित्रमा १ सयभन्दा बढी सहकारी संस्थाहरुलाई बैंकको सदस्यता बनाई शाखा माग गर्ने निर्णय गरेका छन् ।

कार्यक्रममा डिभिजन सहकारी कार्यालय उदयपुरका सहकारी अधिकृत पुष्पराज सिग्देल, जिल्ला कृषि सहकारी संघ उदयपुरका अध्यक्ष तिर्थबहादुर कार्की, प्रेस चौतारीका अध्यक्ष भरत खवास लगायतले धारणा राख्नु भएको थियो । बचत तथा ऋण सहकारी संघ उदयपुरका अध्यक्ष कृपाराम चौधरीको अध्यक्षता, उपाध्यक्ष डि.बी. कटुवालको स्वागत र सचिव गणेश कुमार दनुवारको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

### सिमरा, बारा

राष्ट्रिय सहकारी बैंकको आयोजनामा वीरगंजमा सहकारी बैंक र सहकारी अभियान बिषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा राष्ट्रिय सहकारी संघका अध्यक्ष केशव बडालले सहकारीमा आएका विकृतिहरुलाई हटाउन राष्ट्रिय सहकारी संघले प्रक्रिया अगाडि बढाएको र एक दुईवटा सहकारीले निजी स्वार्थ पूर्तिका निम्ति सहकारीको प्रयोग गरेता पनि समग्र सहकारी नै खराब छ भनेर गलत अर्थ लगाउन नहुने कुरा बताउनु भएको थियो ।

राष्ट्रिय सहकारी बैंकका अध्क्ष रमेश पोखेलले अब छिट्टै नै सहकारी बैंकको शाखा कर्यालय वीरगंजमा खुल्ने भएकाले सम्पुर्ण सहकारी संघ/संस्थाहरुले सहकारी बैंकसँग मात्र कारोवार गर्न आव्हान गर्नु भएको थियो । पर्सा बचत तथा ऋण सहकारी संघ लि. वीरगंजका अध्यक्ष राजेश पंडितको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन संघका सचिव रामप्रवेश साहले गर्नुभएको थियो ।

## बैंकका कर्मचारी स्थायी

यस बैंकमा कार्यरत कर्मचारीहरुलाई विभिन्न मितिदेखि स्थायी नियुक्ति गरिएको छ । जसमा अधिकृत १ जना, बरिष्ठ सहायक ३७ जना, सहायक ४१ जना, सवारी चालक १ जना रहेका छन् ।

## हार्दिक श्रद्धाञ्जली



स्व.गणेश बस्नेत
जन्म: २००८ चैत्र १८ गते
स्वर्गारोहण : २०७० जेठ १२ गते

राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक गणेश बस्नेतको २०७० जेठ १२ गते र बैंकका आमन्त्रित सञ्चालक ज्योति प्रकाश सैजुको २०७० साउन ४ गते भएको असामयिक निधनले सम्पूर्ण बैंक परिवारलाई स्तब्ध तुल्याएको छ । दु:खको यस घडिमा दिवगंत बस्नेत र सैजुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।



स्व.ज्योतिप्रकाश सैंजु
जन्म: २०१८ फागुन ११ गते
स्वर्गारोहण : २०७० साउन ४ गते

के.बी. उप्रेती
प्रवन्ध सञ्चालक

रमेशप्रसाद पोखरेल
अध्यक्ष

तथा

**राष्ट्रिय सहकारी बैंक लि.परिवार कुपण्डोल, ललितपुर**

# सहकारी आन्दोलन र राष्ट्रिय सहकारी बैंक

**बैंकको दश वर्ष**

राष्ट्रिय सहकारी बैंक जनताको सहभागितामा स्थापना भएका सहकारी संघ संस्थाहरुको पहलकदमीमा २०६० असार २५ गते सहकारी विभाग दर्ता भई सञ्चालनमा आएको हो । राष्ट्रिय सहकारी संघ लिको सहयोगमा सहकारी संघ संस्थाहरुको भेला, अन्तरक्रिया, बैंकिङ क्षेत्रको अनुभव प्राप्त स्वदेशी तथा विदेशी व्यक्तित्वहरुसंगको परामर्श, नेपाल राष्ट्र बैंकको अनुमतिपछि सहकारी संघ संस्थाहरुको भेलाबाट तदर्थ समिति गठन गरी उक्त समितिले बनाएको विनियम र विनियममा व्स्था भए बमोजिम २०६० साल पुस २० र २१ गतेको प्रथम साधारणसभाबाट सञ्चालक समिति र लेखा समितिको निर्वाचन गरी सोही समितिको सक्रियतामा २०६१ साउन १९ गतेदेखि कारोबार शुरु भएको थियो ।

२०६१ देखि २०६९ सम्मको अवधिमा २ कार्यकाल सञ्चालक समिति चयन भयो । पहिलो ५ वर्षको कार्यकाल समाप्त भएर २०६५ पुस २१ र २२ गते भएको पाचौ वार्षिक साधारणसभाबाट बनेको सञ्चालक समितिले ५ वर्ष काम सम्पन्न गरी दशौ वार्षिक साधारणसभाको तयारी गरेको छ । यो पाँच वर्षमा राष्ट्रिय सहकारी बैंकले आफ्नो पहिचान देशव्यापी गराउन सफल भएको छ । बैंकको प्रमुख लक्ष्य नै सदस्य संस्थाहरुलाई आर्थिक रुपमा सहयोग पुऱ्याउनु हो । सोही लक्ष्य अनुरुप बैंक अगाडि बढिरहेको छ । बैंकिङ कारोबारका अलावा सहकारी अभियानलाई अगाडि बढाउने कुरामा पनि बैंकको महत्वपूर्ण योगदान रहेको छ । जनतालाई सहकारीमा आवद्ध बनाउँदै आर्थिक उन्नति गर्न बैंक सहयोगी बन्दै आएको छ । राज्यले लिएको तीन खम्बे अर्थनीति अनुरुप सहकारी क्षेत्रलाई सबल बनाउन राष्ट्रिय सहकारी बैंकको योगदान महत्वपूर्ण रहेको छ ।

पाँचसय सदस्य संस्थाहरुबाट शुरु भएको बैंकमा हाल करिब ७ हजार सदस्य संस्था हुनु, ३० भन्दा बढी शाखा सञ्चालन हुनु र कारोबार समेत ६ अर्ब भन्दा बढी हुनुले बैंकको गरिमालाई देशव्यापी बनाएको छ ।

२०४७ साल कात्तिक ३० गते तत्कालीन अन्तरिम सरकारको निर्णय अनुसार नेपालमा सहकारी आन्दोलनका बारेमा विभिन्न मिति र समयमा गरिएका आन्दोलनको उपलब्धीले तत्कालिन कृषि मन्त्री झलनाथ खनालको सक्रियतामा बनेको राष्ट्रिय सहकारी महासंघ परामर्श समिति २०४७ को व्यवस्था गरी राधाकृष्ण मैनालीको संयोजकत्वमा ७ सदस्यीय समिति गठन गरी नेपालको सहकारी आन्दोलनका बारेमा प्रतिवेदन पेश गर्न निर्देशन दिइएको थियो । समितिले आफ्नो काम सम्पन्न गरी बुझाएको प्रतिवेदनका आधारमा साझा केन्द्रलाई विघटन गरी राष्ट्रिय सहकारी महासंघ गठन गरिएको थियो ।

सहकारी ऐनलाई परिवर्तन गरी ल्याउन सुझाव दिइएको थियो, सहकारी बैंक स्थापना, अनिवार्य बचत कारोबार, कृषि विकास बैंकको ऋण मिलानदेखि सहकारीमा जनसहभागिता, विषयगत सहकारीसम्मका बारेमा नेपालभर सहकारी अभियानका बारेमा जनताको अभिमत प्राप्त गरी राष्ट्रिय भेलाको आयोजना गरी प्रतिवेदन तयार पारिएको थियो । तर प्रतिवेदन अनुसार केही काम भएपनि सहकारी अभियानलाई सरकारको चंगुलमा राख्ने षडयन्त्र तत्कालिन सरकारबाट भयो । त्यसैका कारण सहकारी अभियानमा सहकारी विरोधीहरुले खेल्ने मौका पाए ।

राष्ट्रिय सहकारी बैंक लि.को प्रगति विवरण यस प्रकार रहेको छ ।

२०६० सालमा निर्वाचित सञ्चालक समिति र लेखा समिति यसप्रकार रहेको थियो । अध्यक्ष राजेशहरि जोशी, प्रवन्ध सञ्चालक के.बी. उप्रेती, सञ्चालकहरु गोविन्दबहादुर मल्ल, रमेशप्रसाद पोखरेल, डा. विदुर चालिसे, राममान श्रेष्ठ, नमराज सापकोटा, भागवत श्रेष्ठ, मार्कण्डेय उपाध्याय



**कुलचन्द्र अधिकारी**
*संयोजक, लेखासमिति*
*राष्ट्रिय सहकारी बैंक*

(पदेन सदस्य, रजिष्टार सहकारी विभाग), लेखा समिति संयोजक (ओमप्रकाश शर्मा, गणेशप्रसाद बस्नेत र कुलचन्द्र अधिकारी रहनुभएको थियो ।

२०६० साल पुस २२ गते भएको निर्वाचनबाट निर्वाचित सञ्चालक समिति र लेखा समितिको ५ वर्षे कार्यकाल सकिएर २०६५ साल पुस २० र २१ गते सम्पन्न समिति यस प्रकार रहेको थियो । अध्यक्ष रमेशप्रसाद पोखरेल, प्रवन्ध सञ्चालक के.बी. उप्रेती, सञ्चालकहरु राजेशहरि जोशी, डा.विदुर चालिसे, गणेशप्रसाद बस्नेत, रामशरण शर्मा घिमिरे, सरिता भट्टराई, हरिहरनाथ योगी, मुकुन्द दाहाल, विजयराज घिमिरे र रजिष्ट्रार, लेखा समिति संयोजक कुलचन्द्र अधिकारी, रामबहादुर जि.सी र कुमार खत्री तथा २२ जना आमन्त्रित सदस्यहरु रहनुभएको छ ।

**बैंकमा रहेका नियमावलीहरु:**

१. कर्मचारी प्रशासन नियमावली, २०६१ (पहिलो शंसोधन २०६९)
२. आर्थिक प्रशासन नियमावली, २०६१ (पहिलो शंसोधन २०६९)

**निर्देशिका तथा कार्यविधिहरु:**

१. शाखा संचालन कार्यविधि-२०६८
२. धितो मूल्याङ्कन निर्देशिका-२०६८
३. कर्जा कार्यविधि-२०६८
४. आन्तरीक लेखापरीक्षण कार्यविधि-२०६८
५.सदस्य पहिचान कार्यविधि-२०६८
६. विनाधितो कर्जा लगानी कार्यविधि-२०६८
७. लघुकर्जा लगानी कार्यविधि-२०६८

## अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) को महासभा केप टाउनमा

अन्तर्राष्ट्रिय सहकारी महासंघको महासभा यही २०७० कात्तिक १६ देखि २२ सम्म दक्षिण अफ्रिकाको केपटाउन शहरमा हुन लागेको छ । सो महासभामा राष्ट्रिय सहकारी बैंकका संचालकहरुको सहभागिता रहने भएको छ । महासभामा सहकारी क्षेत्रले यो शताब्दीमा झेल्नुपर्ने मुख्य पाँच चुनौती कमशः सहभागिता, दीगोपना, पहिचान, कानुनी ढाँचा र पूँजीका बारेमा विश्लेषण गर्ने भनिएको छ ।

## राष्ट्रिय सहकारी बैंकको नवौ साधारणसभा सम्पन्न

# बजारलाई सहकारी अनुकुल बनाउनुपर्नेमा जोड




काठमाडौं, राष्ट्रिय सहकारी बैंक लिमिटेडको नवौ वार्षिक साधारणसभा २०६९ पुस २४ गते काठमाडौंको भृकटीमण्डपमा सम्पन्न भयो । साधारणसभाको उद्घाटन राष्ट्रिय सहकारी संघ लिमिटेडका अध्यक्ष तथा पूर्वमन्त्री केशव बडालले गर्नुभएको थियो । सो अवसरमा बोल्दै बडालले सहकारी बैंकलाई सहकारी क्षेत्रको केन्द्रीय बैंक बनाउन, राज्यका कोषहरुलाई सहकारी बैंक मार्फत लक्षित वर्गमा पुर्‍याउन र देशको आर्थिक विकासका लागि सहकारी क्षेत्रलाई सवल बनाउन आवश्यक रहेको बताउनुभएको थियो ।

उहाँले सहकारी आन्दोलनले बजारलाई सहकारी अनुकुल बनाउनु पर्नेमा जोड दिनुभएको थियो । बजार जसरी चल्छ, त्यसैगरी सहकारी चल्ने हो भने सहकारी अभियानले सही बाटो लिन नसक्ने उहाँको भनाइ थियो ।

नेपालको अर्थतन्त्र बलियो बनाउनका लागि सहकारी क्षेत्रको समग्र विकास आवश्यक रहेको भन्दै उहाँले गरीबी निवारण गरी अर्थतन्त्र दिगो बनाउनका लागि सहकारी क्षेत्रलाई सबै मिलेर बलियो बनाउनुपर्नेमा जोड दिनुभएको थियो । सहकारीमाथि भैरहेको आक्रमण मिलेर सामना गर्न उहाँले सहकारीकर्मीहरुलाई आग्रह गर्नुभयो । राष्ट्रिय सहकारी बैंकलाई मुलुकका सबै सहकारीहरुको केन्द्रीय बैंकका रुपमा स्थापित गर्न उहाँले माग गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्रबैंकका गभर्नर डा.युवराज खतिवडाले राष्ट्रिय सहकारी बैंकलाई मुलुकका सबै सहकारीहरुको केन्द्रीय बैंक बनाउन आवश्यक रहेको बताउनुभएको थियो । उहाँले बजारले जे भन्छ सहकारीले त्यही गर्ने हो भने पृथक कसरी हुन् सकिन्छ ? भन्ने प्रश्न गर्दै सहकारीले बजारलाई आफ्नो तरिकाले चलाउनुपर्नेमा जोड दिनुभयो । सहकारीले सीमित मुनाफा र अधिकतम सेवातर्फ ध्यान दिनु पर्ने उहाँको भनाइ थियो ।

यस्तै राष्ट्रिय सहकारी विकास बोर्डका सह-अध्यक्ष सरोज कुमार शर्माले नेपालको अर्थतन्त्रलाई बलियो बनाउन कृषि क्षेत्रको समग्र विकास हुने अभियान सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको थियो । राष्ट्रिय सहकारी संघका पूर्व अध्यक्ष दिपकप्रकाश बास्कोटाले सहकारी बैंक ऐन ल्याउन सरकारसंग माग गर्नुभएको थियो ।

कार्यक्रमममा पूर्वमन्त्री तथा केन्द्रीय स्वास्थ्य सहकारी संघका अध्यक्ष राजेन्द्र पाण्डे, सहकारी तथा गरीबी निवारण मन्त्रालयका सचिव रणबहादुर श्रेष्ठ, सहकारी विभागका रजिष्ट्रार केदार न्यौपाने, बैंकका सल्लाहकार तथा पूर्व महालेखा परीक्षक विष्णुबहादुर केसी र राष्ट्रिय सहकारी संघका सञ्चालक ओमदेवी मल्ल जोशीले शुभकामना मन्तव्य व्यक्त गर्दै राष्ट्रिय सहकारी बैंकलाई मुलुकका सबै सहकारीहरुको केन्द्रीय बैंकका रुपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

कार्यक्रममा बैंक सञ्चालक समितिका अध्यक्ष रमेशप्रसाद पोखरेलले प्रगति प्रतिवेदन, प्रबन्ध सञ्चालक केबी उप्रेतीले नीति, कार्यक्रम तथा आर्थिक प्रतिवेदन र लेखा समितिका संयोजक कुलचन्द्र अधिकारीले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम बैंक सञ्चालक समितिका अध्यक्ष पोखरेलको अध्यक्षता, सञ्चालक सदस्य हरिहरनाथ योगीको स्वागत, सरिता भट्टराईको धन्यवाद र लेखा समिति सदस्य रामबहादुर जिसीको सञ्चालनमा सम्पन्न भएको थियो ।

साधारणसभाको बन्दसत्रले सञ्चालक समितिका तर्फबाट अध्यक्ष रमेशप्रसाद पोखरेलले प्रस्तुत गरेको प्रतिवेदन, प्रबन्ध सञ्चालक के.बी.उप्रेतीले प्रस्तुत गरेको नीति, कार्यक्रम तथा आर्थिक प्रतिवेदन, लेखा समितिका तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गरेको थियो ।

बन्दसत्रले सहकारी क्षेत्रको विकासका लागि निश्चित समयका लागि करमुक्त गर्न, राज्यका विभिन्न कोषबाट सहकारी क्षेत्रमा जाने रकमलाई एकीकृत रुपमा सबै सहकारी संघ संस्थाहरुको बैंकका रुपमा स्थापना भएको सहकारी बैंक मार्फत लैजान, नयाँ बन्ने संविधानको प्रस्तावनामा नै सहकारी क्षेत्रलाई स्पष्ट रुपमा सम्बोधन गर्न, राष्ट्रिय सहकारी बैंक ऐन यसै आर्थिक वर्ष भित्र बनाउन, कृषि क्षेत्र लगायत उत्पादनका क्षेत्रमा काम गर्ने सहकारी संघ संस्थाहरुलाई विशेष प्राथमिकता दिन, महिलाले सञ्चालन गरेका सहकारीहरुलाई कर्जा प्रवाह लगायत अन्य क्षेत्रमा सहयोग गर्न सरकारसंग माग गर्दै राष्ट्रिय सहकारी बैंकले आर्थिक वर्ष २०६८/६९ को कारोबारबाट आफ्ना शेयर सदस्यहरुलाई १० प्रतिशत मुनाफा प्रदान गर्न गरेको प्रस्ताव पारित गरेको थियो ।

बन्दसत्रको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष रमेशप्रसाद पोखरेल र सञ्चालन सञ्चालक सदस्य मुकुन्द दाहालले गर्नु भएको थियो । बन्द सत्रमा प्रतिनिधिहरुले उठाएका जिज्ञासापछि बैंकका तर्फबाट अध्यक्ष पोखरेल, प्रबन्ध सञ्चालक के.बी.उप्रेती, लेखा समितिका सदस्य कुमार खत्री र बैंकका नायव महाप्रबन्धक बद्री गुरागाईले स्पष्ट पार्नु भएको थियो ।




राष्ट्रिय सहकारी बैंक लि. को नवौं वार्षिक साधारणसभा उद्घाटनमा प्रमुख अतिथि, अतिथिहरु, अध्यक्ष, सञ्चालकहरु



राष्ट्रिय सहकारी बैंक लि. को नवौं वार्षिक साधारणसभा उद्घाटनमा सहभागीहरु




सहकारी राष्ट्रिय नीति र मापदण्ड सम्बन्धी गोष्ठीमा बोल्दै मुख्य सचिव लिलामणि पौडेल